नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २१ २०८१ साल साउन २४ गते बिहीबार (8 Aug. 2024 Thursday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : मानव-वन्यजन्तु द्वन्द्व बढ्दै,.. ३ पृष्ठमा : शेयर बजारको उत्साह... ३ पृष्ठमा : बङ्गलादेशको अन्तरिम सरकारको...

# पत्रकारलाई दुर्व्यहार गरेका राजगढ गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलबिरुद्ध प्रहरीमा जाहेरी





**दैनिक समाचारदाता**
**राजविराज, २३ साउन ।**

सप्तरीको राजगढ गाउँपालिकाका अध्यक्ष ओमप्रकाश मण्डलले पत्रकारहरुलाई कोठामा थुनेर दुर्व्यहार गरेको भन्दै पीडित पत्रकारहरुले बुधबार जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका छन् ।

गैरकानुनी रुपमा गरिएको गाउँसभा रद्द गरि पुनः अर्को गाउँसभाको माग गर्दै आन्दोलनरत जनप्रतिनिधि र स्थानीयले मंगलबार पालिका अध्यक्ष मण्डललाई ज्ञापनपत्र बुझाउने कार्यक्रमको रिपोटिङ गर्न गएका पत्रकारहरुलाई दुर्व्यहार गरिएको थियो ।

रिपोटिङ गरिरहेका बेला कान्तिपुर टिभिका सप्तरी संवाददाता रामनारायण विश्वासको क्यामराको माइक अध्यक्ष तथा उनका लठैतहरुले अभद्र व्यवहार गर्दै खोसेका थिए । सोही क्रममा राजबिराज दैनिकका समाचार संयोजक नवीनकुमार गुप्ता र नेपाल समाचारपत्रका संवाददाता विद्यानन्द रामको मोबाइल खोस्ने प्रयास गर्नुका साथै ढोका लगाएर अभद्र व्यवहार समेत गरिएको थियो । विश्वास पत्रकार महासंघ सप्तरीका सचिव हुन भने गुप्ता कोषाध्यक्ष र राम कार्यसमितिका सदस्य हुन् ।

नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देवको नेतृत्वमा गएको पत्रकारहरुको टोलीले प्रहरी उपरिक्षक गजुसिद्धि बज्राचार्यलाई सो जाहेरी बुझाइएको हो ।

शरीर बन्धक, गाली बेइज्जती, अभद्र व्यवहार गरेको कसुरमा गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डल, गाउँपालिकाका खरिदार (स्टोरकिपर) रामबिलास यादव, सोही गाउँपालिका वडा नं.३ का संजित मण्डल, वडा नं. ५ का रामअवतार मण्डल, वडा नं.४ का जितेन्द्र भन्ने संजित पटेल र वडा नं.४ कै घंसी भन्ने घनश्याम मण्डल बिरुद्ध पत्रकारहरु रामनारायण विश्वास, नवीनकुमार गुप्ता र विद्यानन्द रामले संयुक्त रुपमा जाहेरी दिएका छन् ।

यसैबीच फ्रिडम फोरम, आमसंचार प्राधिकरण मधेश प्रदेश, नेपाल प्रेस युनियन सप्तरी र प्रेस मञ्च नेपाल सप्तरी, समाजवादी प्रेस संगठनले छुट्टाछुट्टै विज्ञप्ति जारि गर्दै पत्रकारहरुलाई बन्धक बनाई गरिएको दुर्व्यहारप्रति घोर आपत्ति जनाएको छ । ती विज्ञप्तिहरुमा जनप्रतिनिधि जस्तो व्यक्तिको नेतृत्वमा भएको यस्तो घटनाले प्रेस स्वतन्त्रताको खिल्ली उडाएको ठहर गर्दै यस्ता घटनामा संलग्न दोषिमाथी कारवाहीको माग समेत गरिएको छ ।

विज्ञप्ति मार्फत राज्यको सबै सरोकारवाला निकायलाई पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चितताका लागि गम्भिर हुनु पर्नेमा जोड दिइएको छ ।

# हेलिकप्टर दुर्घटनामा चारजना चिनियाँ नागरिकसहित पाँचको मृत्यु

काठमाडौँ, २३ साउन (रासस) ।

एयर डाइनेस्टीको कल साइन ९ एन-एजेडी हेलिकप्टर दुर्घटनामा पाइलटसहित पाँचजनाको मृत्यु भएको छ ।

बुधबार दिउँसो १:५४ बजे भक्तपुरको नलिन्चोकबाट रसुवाको स्याफ्रुबेंसीका लागि उडान भरेको हेलिकप्टर दिउँसो २:१४ बजे नुवाकोटको शिवपुरी गाउँपालिका-७ स्थित सूर्यचौरमा दुर्घटनाग्रस्त भएको थियो ।

हेलिकप्टर दुर्घटनामा परी पाइलट अरुण मल्लसहित चार चिनियाँ (तीन पुरुष र एक महिला) नागरिकको मृत्यु भएको हो । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार मृत्यु हुनेमा पाइलट मल्ल र चिनियाँ नागरिकहरू जुताङ ताङ, ताइ ली, यीयाम वु र जेमिङ जी रहनुभएको छ ।

सो दुर्घटनामा परी मृत्यु भएका मृतकहरुको शव सङ्कलन भई शव परीक्षणका लागि त्रिवि शिक्षण अस्पताल काठमाडौँ ल्याउने कार्य भइरहेको प्राधिकरणले जनाएको छ।




**जनहितमा जारी सन्देश**

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिबी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी

## सम्पादकीय

### पाँच वर्षपछि पुनः जनता माँझै आउनुपर्छ

राज्यको चौथो अंग मानिएका पत्रकारहरुको सुरक्षाको ग्यारेन्टीप्रति कोही पनि जिम्मेवार बन्न सकेका छैनन् । जसकारण अहिले पत्रकारहरु आफूलाई असुरक्षित महसुस गरिरहेका छन् । पत्रकारहरु अहिले सबै भन्दा बढी जनप्रतिनिधिहरुबाटै असुरक्षित महसुस गरिरहेका छन् । जनप्रतिनिधिहरुले गरिरहेका गतिविधीलाई जनतामाँझ पस्कन खोज्दा पत्रकारहरु उनीहरुको धम्की खानुपरेको छ । हालै सप्तरीमा भएका यस्ता दुई वटा घटनाहरुले पनि यसलाई प्रस्ट्याएको छ ।

जनप्रतिनिधिहरु जनताको मतबाट निर्वाचित भएपछि उनीहरु आफूलाई “छोटे राजा” को रुपमा प्रस्तुत गरिरहेका छन् । उनीहरु जनता सेवा भन्दा बढी आफ्नै सेवा, सुविधा बढी आकर्षित हुँदै गएका छन् । उनीहरु पालिकालाई आफ्नो पेवाको रुपमा ठान्छन् । जनताको सेवा गर्न कुर्सीमा बस्न पाएका उनीहरु पाँच वर्षसम्म आफूले जे पनि गरे कसैले केही गर्न सक्दैन् भन्ने भुलभुलैयामा छन् । उनीहरु मध्ये केहीले आफूलाई हिटलरकै शैलीमा शासन गर्न चाहेको चाहन्छन् । उनीहरु बिर्सेका छन् पाँच वर्षपछि पुनः जनता माँझै आउनुपर्छ ।

तसर्थ राज्यको चौथो अंग मानिएका पत्रकार र प्रेस स्वतन्त्रताको सुनिश्चितताका लागि तीनै तहका सरकार गम्भिर बन्नु आवश्यक छ । होइन भने जसरी जनताले आफ्नो मतको अधिकार गर्न जानेका छन् त्यसरी नै आउँदो दिनमा त्यही जनताले आफ्नो मतबाट उनीहरुलाई कुर्सीबाट झार्न पनि बेर नलाउने कुरामा दुई मत नहोला ।

# मानव-वन्यजन्तु द्वन्द्व बढ्दै, गत आवमा ३४ जनाको मृत्यु

काठमाडौँ, २३ साउन (रासस) ।

मुलुकमा पछिल्लो समय संरक्षणका क्षेत्रमा ठूलो सफलता हासिल भएसँगै मानव-वन्यजन्तुको द्वन्द्व पनि बढ्दो छ । वन्यजन्तुको आक्रमणबाट मानवीय, पशुधन र कृषि बालीनालीमा क्षति बढ्दो क्रममा छ ।

गत सातामात्रै चितवनको भरतपुरमा बजार क्षेत्रमै बाघको आक्रमणबाट एक जना घाइते भएका र कञ्चनपुरमा उखुबारीमा घाँस काटिरहेकी महिलाको पनि बाघको आक्रमणमा परी मृत्यु भएको थियो । यसैबीच बढ्दै गएको मानव-वन्यजन्तु चुनौती व्यवस्थापनका विषयमा बुधबार प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले वन तथा वातावरण मन्त्रालयल र सम्बन्धित सरकारी अधिकारीसँग छलफल गरेको छ ।

समितिको बैठकमा सांसदहरूले मुलुकका ग्रामीण क्षेत्रमा बाँदर, बँदेल, दुम्सी, निलगाईलगायतका जङ्गली जनावरबाट कृषि बालीमा हुने क्षति बढ्दै गइरहेकाले नियन्त्रणका लागि आग्रह गर्नुभएको थियो । उहाँहरूले बाघ, भालु, हात्तीलगायत जनावरको आक्रमणबाट हुने मानवीय क्षति नियन्त्रणका लागि मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

बैठकमा वन मन्त्रालयका पदाधिकारीहरूले गत आर्थिक वर्षमा वन्यजन्तुको आक्रमणमा परी ३४ जनाको ज्यान गएको जानकारी गराउनुभएको छ । विभागका महानिर्देशक डा सिन्धुप्रसाद ढुङ्गानाले अन्य वन्यजन्तुको तुलनामा हात्ती र बाघबाट सबैभन्दा बढी मानवीय क्षति भएको जानकारी दिनुभयो ।

त्यस्तै बाँदर, बँदेल, दुम्सी र नीलगाईबाट कृषि बालीनालीमा सबैभन्दा क्षति हुने गरेको तथ्याङ्क छ । उहाँले भन्नुभयो, “मानवीय, कृषि र पशुधनको क्षति गर्ने करिब १६ वन्यजन्तु छन् । पूर्वको काँकडभित्ताबाट आउने जङ्गली हात्तीले बढी क्षति गर्ने गरेको छ । ती हात्तीको समूह पर्सासम्म आइपुग्छन् । बाटो परेका र आफूलाई अवरोध हुने घरगोठ भत्काउँदै हिँड्छन् ।”

यो समस्या समाधानका लागि हात्तीको सहज आवागमन बनाउन ‘हात्ती पथ’को निर्धारण गरी व्यवस्थापन गर्नुपर्ने विज्ञहरुको सुझाव छ । विभागले वन्यजन्तुको संरक्षण र संरक्षित क्षेत्रको व्यवस्थापन गर्दै आएको छ । यस्तै बाघको बासस्थान व्यवस्थापनगरी आहारा प्रजाति वृद्धि गर्नुपर्ने भन्नुहुँदै महानिर्देशक डा ढुङ्गानाले वन्यजन्तुमैत्री पूर्वाधार आवश्यक रहेकामा जोड दिनुभयो । वन्यजन्तु वनमै रोक्न र मानवीय तथा पशुधनको क्षति कम गर्नका लागि सरोकार भएका सबैपक्ष मिलेर काम गर्नुपर्ने उहाँको भनाइ छ ।

मानवीय, पशुधन र कृषि बालीनालीमा हुने क्षतिको क्षतिपूर्तिका लागि मन्त्रालयले वार्षिक रु १५ करोड खर्च गर्दै आएकोसमेत त्यस अवसरमा जानकारी दिइयो । मन्त्रालयले वन्यजन्तुबाट मृत्यु भएका व्यक्तिका परिवारलाई रु १० लाख, घाइतेलाई अवस्थाअनुसार रु २० हजारदेखि रु पाँच लाखसम्म क्षतिपूर्ति उपलब्ध गराउँदै आएको छ । यसरी तिर्ने क्षतिपूर्तिमध्ये गत आवको रु सात करोड बक्यौता बाँकी रहेको पनि मन्त्रालयले जनाएको छ ।

उपयुक्त बासस्थानको कमीले आहाराको खोजीमा वन्यजन्तु मध्यवर्ती र सामुदायिक वन हुँदै मानवबस्तीसम्म पुग्ने गरेका छन् । यसले गर्दा मानिसमाथि हुने आक्रमणका घट्ना बढ्दै गएका र नियन्त्रणका लागि वन्यजन्तुलाई जङ्गलमै रोक्न आहार विस्तार गर्नुपर्ने विज्ञहरूको सुझाव छ ।

मन्त्रालयले कृषिमा क्षति गर्ने बँदेल मार्न सक्नेगरी कार्यविधि बनाएको छ तर बाँदरलाई अन्तर्राष्ट्रिय महासन्धिका कारण मार्न सम्भव नभएको सरकारी अधिकारीको भनाइ छ ।

वन मन्त्रालयले वन्यजन्तुको व्यस्थापन र नियन्त्रणका लागि आवश्यकपर्ने जनशक्तिको कमी रहेको र वन्यजन्तु विदेशमा उपहार दिने प्रावधान भए पनि निर्यात गर्नसक्ने प्रावधान भने नरहेको जनाएको छ ।

छलफलमा वनमन्त्री, राज्यमन्त्री, सचिव, कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक र सम्बन्धित सरोकार भएकाहरू समेतको सहभागिता रहेको थियो ।

# ‘शिक्षा क्षेत्र राजनीति मुक्त हुनुपर्छ’

काठमाडौँ, २३ साउन (रासस) ।

सांसदहरूले विद्यालय क्षेत्रलाई राजनीति मुक्त क्षेत्र बनाउने गरी ‘विद्यालय शिक्षा विधेयक, २०८०’ ल्याउनुपर्ने माग गरेका छन् । प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बुधबारको बैठकमा विधेयकमाथि संशोधन प्रस्तुत गर्नुहुँदै सांसदहरूले यस्तो बताउनुभएको हो ।

बैठकमा रणकुमारी बलामपाखी मगरले विद्यालयस्तरमा मात्री भाषा अध्ययनको लागि छुट्टै शिक्षकको व्यवस्था गर्ने गरी विधेयक संशोधन गरिनुपर्नेमा जोड दिनुभयो । विद्यालयमा अध्यापन गराउने शिक्षक राजनीतिमा सङ्लग्न हुन नपाउने तर आस्था भने राख्न पाउने उहाँको भनाइ छ । सांसद मनिष झाले विद्यालयमा प्राध्यापक, उपप्राध्यापक नियुक्ति, सञ्चालक समिति वा अन्य कुनै पनि नियुक्तिमा राजनीतिकरण गर्न नहुने भन्नुहुँदै संशोधन प्रस्तुत गर्नुभयो । सांसद सुनिता बरालले विद्यालय सञ्चालक समिति समावेशी बनाउनुपर्ने धारणा राख्नुभयो ।

संशोधनकर्ता सांसदहरूले विद्यालयको भौतिक संरचना र पाठ्यक्रम अपाङ्गतामैत्री हुनुपर्ने विषयलाई ऐनमै समावेश गर्नुपर्ने, विद्यालयले विभिन्न शीर्षकमा विद्यार्थीसँग अनावश्यक शुल्क उठाइरहेका र तोकिएकै स्थानमा आवश्यक सामाग्री किन्न बाध्य पर्ने गरिएकाले विद्यालय पोसाक, पुस्तक र कपी अभिभावक आफैँले खरिद गर्न पाउनुपर्ने व्यवस्थालाई विधेयकमै उल्लेख गर्नुपर्नेमा पनि जोड दिएका छन् ।

यसैगरी विद्यालयको स्थापना र सञ्चालन, पाठ्क्रम तथा पाठ्यसामग्री र शैक्षिक गुणस्तर, परीक्षा सञ्चालन तथा व्यवस्थापन, सार्वजनिक विद्यालयका शिक्षक र कर्मचारी नियुक्ति, पदीय आचरण, सरुवा, कारवाही तथा अवकासका विषयमा एक रूपता ल्याउनका लागि पनि विद्यालय शिक्षासम्बन्धी विधेयक ल्याउनुपर्ने आवश्यकता औँल्याइएको छ ।

त्यस अवसरमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले उच्च शिक्षा परीक्षा प्रणाली, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) को पाठ्यक्रम र समग्र संरचनालाई परिमार्जन तथा पुनःसंरचना गर्ने तयारी भइरहेको जानकारी दिनुभयो । उहाँले बङ्गलादेशमा अध्ययनको शिलशिलामा रहेका करिब १४ सय ७८ जना विद्यार्थी सुरक्षित रहेको समितिसमक्ष जानकारी गराउनुभयो ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569




# शेयर बजारको उत्साह कायम रहला ?

**रिसव गौतम**
काठमाडौं, २३ साउन (रासस) ।

शेयर बजारमा केही वर्ष अघिसम्म ८० प्रतिशतभन्दा ज्यादा हिस्सा बैङ्क-वित्तीय संस्था र इन्स्योरेन्स कम्पनीहरूले ओगटेको थिए । बैङ्क-इन्स्योरेन्स जस्तो मुद्राको मात्रै कारोबार गर्ने सेवामूलक क्षेत्रको शेयर बजारमा अहिले हिस्सा घटेर ६३.८ प्रतिशतमा झरेको नेपाल स्टक एक्चेन्जको (नेप्से) तथ्याङ्क छ । खासगरी शेयर बजारमा जलविद्युत् कम्पनीहरूको उपस्थिति बढिरहँदा बैङ्कहरूको हिस्सा घटेको देखिन्छ ।

पछिल्ला वर्षहरूमा जलविद्युत्सहित अरू उत्पादनमूलक कम्पनीहरूले पनि सर्वसाधारणलाई शेयर जारी गरेर पैसा सङ्कलन गरिरहेका छन् । त्यसकारण पनि पुँजी बजारमा बैङ्क-बीमा क्षेत्रको प्रभुत्व घटिरहेको छ । बैङ्क-बीमा क्षेत्रमा केही वर्षयतादेखि चलेको मर्जर तथा प्राप्तिको अभियानले पनि सङ्ख्या घटाउन काम गरेको छ । खासगरी शेयरको दोस्रो बजारमा कुनै एउटा समूहको मात्रै प्रभुत्व रहँदा जोखिम हुने बुझाइ छ । त्यसमा वास्तविक क्षेत्र भनेर बुझिने जलविद्युत् जस्तो उत्पादनमूलक क्षेत्रको प्रवेश बढिरहनु शुभसङ्केत नै हो । किनकि नेपालको अर्थतन्त्रमा सबैभन्दा सम्भावनाको क्षेत्र भनेको पर्यटन र ऊर्जा क्षेत्र नै हो । हामीले यस क्षेत्रको विकास विस्तारबाट अपार लाभ लिन सक्ने सम्भावना छन् ।

पछिल्ला समय नेप्सेमा पर्यटन, सिमेन्ट, कृषिलगायत क्षेत्रको पनि प्रवेश बढिरहेको छ । यद्यपि हाल नेप्सेमा १२ वटा समूहगत परिसूचक मापन गर्ने गरिएको छ । वाणिज्य बैङ्क, विकास बैङ्क, वित्त कम्पनी, बीमा कम्पनी, म्युचुअल फन्ड, होटल, उत्पादन तथा प्रशोधन, व्यापार, जलविद्युत् र अन्य समूहका परिसूचकहरूलाई नेप्सेले गणना गर्छ ।

यसरी शेयर बजारमा क्रमशः क्षेत्रगत विविधता बढिरहेको देखिन्छ । यसले शेयर बजारमा लगानीको आकर्षण र उपस्थिति समेत बढाएको छ । विगतमा विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारी, रुस-युक्रेनबीच चलेको युद्धको विश्वव्यापी प्रभाव र विश्वव्यापी रूपमा आर्थिक क्षेत्रमा देखिएको मन्दी तथा असन्तुलनले नेपालको शेयर बजारमा पनि ठूलो असर परेको हो । आर्थिक असन्तुलन, सरकारको पुँजीगत खर्चको दयनीय अवस्था, तरलता सङ्कटको कारण बढेको ब्याजदर र शेयर बजारप्रति नेपाल राष्ट्र बैकको कसिलो नीतिका कारण विगतमा बजार घटेको हो । एक हजार आठ सय अङ्कबाट पनि तल झरिसकेको नेप्से परिसूचकाङ्क अहिले भने हालै आएको आव २०८१/८२ को मौद्रिक नीतिले बजार दुई हजार आठ सय अङ्कको छेउछाउ आइसकेको छ । अब क्रमशः शेयर बजार उकालो लाग्ने धेरै आधार तय भएका छन् ।

सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि सार्वजनिक गरेको नीति कार्यक्रममा पनि शेयर बजारको संरचनागत सुधार गर्ने, कसिलो नीतिहरूमा पुनःविचार गर्दै गैरआवासीय नेपालीलाई पनि शेयर बजारमा प्रवेश गराउने र पुँजी बजारको भरपर्दो विकास गर्ने नीति लिएको छ । त्यसले लगानीकर्तामा एक खालको उत्साह थपेको देखिन्छ । वर्तमान सरकार गठनसँगै आएको मौद्रिक नीतिले संस्थागत लगानीकर्ताहरूका लागि २० करोडको क्याप हटाएको छ । शेयर धितो कर्जाका लागि प्रोत्साहन गरेको अवस्था छ । यसले गर्दा बजार बढिरहेको देखिन्छ ।

केही हप्तायता बजार निरन्तर बढिरहँदा शेयर बजार पुँजीकरण पनि बढेको छ । २०८१ साउन २१ गते सोमबारको कारोबारको आँकडाअनुसार शेयर बजार पुँजीकरण रु ४४ खर्ब ३८ अर्ब नाघेको छ । जुन कुल ग्राहस्थ्य उत्पादनको आकारभन्दा रु १४ खर्ब मात्र कम हो । कुनै बेला अर्थात् तीन हजार तीन सय अङ्कमा मार्केट पुगेको बखत रु ४० खर्बको पुँजीकरण भएको शेयर बजार अहिले नेप्सेमा थपिएका कम्पनीहरूका कारण रु ४४ खर्ब पुगेको छ । खासगरी शेयर बजार जिडिपीकै हाराहारी हुनुपर्ने विश्वव्यापी मान्यता रहे पनि नेपालमा सबै उद्योग, व्यवसाय नेप्सेमा सूचीकृत नभएको कारण त्यो नभएको देखिन्छ तर पनि पछिल्ला समय नेप्सेमा सूचीकृत हुने कम्पनीहरू बढिरहेका देखिन्छन् ।

नेपालको शेयर बजारको दायरा फराकिलो र पुँजीको पैमान पनि बढिरहेको छ । यसले नै वास्तवमा शेयर बजारको सुदूर भविष्य उज्ज्वल रहेको देखाउँछ । खासगरी पछिल्लो दशक नेपालमा पनि शेयर बजारप्रति आमसर्वसाधारणको बुझाइ परिवर्तन भएको छ । यस क्षेत्रलाई सबैले सकारात्मक दृष्टिले हेर्न थालेका छन् । वास्तवमा कुनै पनि देशको अर्थतन्त्रको अवस्थाको चित्र शेयर बजारले नै दर्साउछ । त्यसकारण पनि शेयर बजारलाई देशको अर्थतन्त्रको ऐना भनिएको हो । ठूल-ठूला उद्योग तथा व्यवसाय स्थापना तथा सञ्चालन गर्न पुँजीको सङ्कलन गर्ने महत्वपूर्ण माध्यम हो पुँजीबजार । त्यसकारण अर्थतन्त्रलाई विस्तारित गर्न र अघि बढाउन पुँजीबजारको महत्वपूर्ण भूमिका हुने गर्छ । सो तथ्य आमराजनीतिक नेतृत्व, कर्मचारीतन्त्रले बुझ्न जरुरी छ ।

अहिले नेपालमा शेयर किनबेचका लागि डिम्याट खाता खोल्नेहरूको सङ्ख्या २०८० चैतसम्ममा ६२ लाख नाघिसकेका छन् । त्यसमा महिलाको सङ्ख्या नै २६ लाख नजिक पुगेको तथ्याङ्क छ । यद्यपि आर्थिक मन्दी, तरलता सङ्कटलगायत कारण शेयर बजार सुस्ताउँदा अहिले शेयर बजारका सक्रिय लगानीकर्ता २०-२२ लाख रहेका छन् । जेहोस् पछिल्लो वर्षहरूमा नेपालमा शेयर बजारप्रति बढेको आकर्षण उत्साहप्रद हो । यसले सम्भावना भएका उद्योग, व्यवसायले आइपिओ मोडलमा आवश्यक लगानी जुटाउन सक्ने आधार दिएको छ ।

पछिल्लो समय सरकारले बढेको ब्याजदरलाई घटाउन निरन्तर प्रयास गरेको देखिन्छ । त्यसमा बैङ्कको चर्को ब्याजदरविरुद्ध व्यसायीहरूले गरेको आन्दोलनले ठूलो दबाव परेको हो । बैङ्कहरूको ब्याजदर घट्दा त्यसको प्रत्यक्ष प्रभाव शेयर बजारमा पर्छ । तरलता सहजताको अवस्था हुँदा र बैङ्कको ब्याजदर घट्दा विगतदेखि नै शेयर बजार बढ्ने गरेको दखिन्छ । त्यसकारण आगामी दिनहरूमा बजार झनै बढ्दै जाने आधार तय भएको छ । खासगरी बजेटलगत्तै आएको मौद्रिक नीतिले पनि शेयर बजारलाई उत्साह दिएको छ । शेयर बजारलाई कता डोऱ्याउने भन्ने कुरामा मौद्रिक नीतिको धेरै भूमिका हुनेगर्छ । यद्यपि मौद्रिक नीति सरकारको बजेट तथा नीति कार्यक्रमलाई सघाउन ल्याउने गरिन्छ ।

विगतका वर्षहरूमा मौद्रिक नीतिमा शेयर बजार र घरजग्गाप्रति कसिलो बनाइएकामा यसपटक धेरै नै खुल्ला गर्ने गरी प्रोत्साहनकारी रूपमा मौद्रिक नीति आयो । मौद्रिक नीति बैङ्क तथा वित्तीय संस्थाहरूका लागि पनि केही खुकुलो गरी आयो । फलस्वरुप शेयर बजारमा हरियाली छाएको देखिन्छ । गत वर्षहरूमा राष्ट्र बैङ्कले मौद्रिक नीतिमार्फत शेयर धितो कर्जामा १२ करोडसम्मको क्याप लगाएको हो । ४-१२ को नीतिले पनि शेयर बजारको गतिशीलतालाई कमजोर बनाएको हो । अहिले ती व्यवस्था हटाइएको छ । फलस्वरुप शेयर कारोबारको 'भोलुम' र नेस्से परिसूचक निरन्तर बढिरहेका छन् । विगतमा तीन हजार तीन सय अङ्कको नेप्से परिसूचकाङ्क पुगिरहँदा बजारमा एकै दिन रु २१ अर्ब ६४ करोड ७६ लाखसम्मको कारोबार भएको हो । अहिले त्यो रेकर्डसमेत 'ब्रेक' भएर नेप्सेमा झन्डै रु २२ अर्ब (रु २१ अर्ब ९१ करोडसम्म) करोबार भएको छ । यसरी बजारमा एउटा खालको आत्मविश्वास देखिएको छ । यसले समग्रमा आशा जगाएको छ ।

वित्तीय बजारमा तरलता सहजताको अवस्था सिर्जना भएको छ । मुलुकको आर्थिक अवस्था तथ्याङ्कीय हिसावले सबल बन्दै गएको अवस्था छ । नेपाल राष्ट्र बैङ्कका गर्भनर महाप्रसाद अधिकारीले नै अर्थतन्त्र तथ्याङ्कीय रूपमा सबल बन्दै गएकाले बजारमा त्यसको सकारात्मक प्रभाव क्रमशः पर्दै जाने बताउनु भएको छ । ब्याजदर घटिरहेको छ । त्यसकारण शेयर बजार उकालो लागिरहने देखिन्छ । शेयर बजार एउटा लगानीको उत्तम माध्यम हो भन्ने आमसर्वसाधारणले बुझिसकेका छन् । कतिपय नेताहरूले विगतमा शेयर बजार जुवाको खाल हो, अनुत्पादक क्षेत्र हो भने पनि अहिले उनीहरूले समेत आफ्ना बुझाइ सच्च्याएका छन् । त्योभन्दा बढी सर्वसाधारणले नै शेयर बजारमा उत्साहप्रद सहभागिता देखाएर पुँजीबजारप्रति सकारात्मक दृष्टिकोण रहेको दर्शाइरहेका छन् ।

सरकारले पनि शेयर बजारप्रति अत्यन्त प्रोत्साहनकारी नीति देखाउन जरुरी छ । शेयर बजारले आमसर्वसाधारणलाई अर्थशास्त्रको बचतको सिद्धान्त सिकाउँछ । अलिअलि भएको पैसाले आइपिओ भर्ने, शेयर किन्ने गर्दा मान्छेले पैसाको महत्व र त्यसको पुँजीकरणको भेउ थाहा पाउँछन् । अहिले शेयर बजारमा धेरै मान्छेहरू आकर्षित भएका, लागेकाले धेरैलाई यस क्षेत्रले रोजगारी र अवसर पनि दिएको छ । खासगरी नेपाली समाजमा विगतमा गृहिणीको उपमा दिएका महिलाहरूको सङ्ख्या नै शेयर बजारमा ४२ प्रतिशत पुग्नुले आर्थिक क्षेत्रमा महिलाहरू कति सशक्त रूपमा आइरहेका छन् भन्ने पनि दर्शाउँछ । अर्को शेयर बजारबाट सरकारले रु १५ अर्बसम्म कर विगतमा पाएको हो । त्यसकारण सरकारले पुँजीबजारको विकास, उन्नयनमा जोड दिनुपर्छ । पुँजी बजारको विकासमा ध्यान दिन नसके सरकारको आर्थिक समृद्धिको नारा गफमा सीमित हुन्छ । (लेखक आर्थिक लेखक तथा विश्लेषक हुनुहुन्छ)




## विश्व समाचार

### बङ्गलादेशको अन्तरिम सरकारको नेतृत्वको जिम्मेवारी नोबेल पुरस्कार विजेता युनसलाई

ढाका, २३ साउन (रासस/एएफपी) ।

बङ्गलादेशका राष्ट्रपतिले बुधबार नोबेल पुरस्कार विजेता मुहम्मद युनुसलार्य अन्तरिम सरकारको नेतृत्व गर्नेगरी जिम्मेवारी तोकिएको घोषणा गर्नुभएको छ । बङ्गलादेशी निम्न वर्गको उत्थानका लागि काम गरेका ८४ वर्षीय युनुसलाई अन्तरिम सरकारको नेतृत्व दिन विद्यार्थी नेताहरूले गरेको आह्वानपछि उहाँलाई अन्तरिम सरकारको जिम्मेवारी सुम्पिएको हो । राष्ट्रपति मोहम्मद शाहाबुद्दिन, सेना, नौसेना र वायुसेनाका प्रमुखहरू र विद्यार्थी नेतासँगको बैठकपछि यो निर्णय गरिएको हो । "बैठकमा प्रोफेसर डा मुहम्मद युनुसलाई प्रमुख बनाएर अन्तरिम सरकार गठन गर्ने निर्णय भएको छ," साहाबुद्दिनको कार्यालयले एक विज्ञप्ति जारी गरी जानकारी गराएको छ । विज्ञप्तिमा भनिएको छ, "राष्ट्रपतिले जनतालाई राजनीतिक सङ्कटबाट बाहिर निस्कन सहयोग गर्न आग्रह गर्नुभएको छ । देशमा आएको यो सङ्कटलाई पार गर्न अन्तरिम सरकारको द्रूत गठन आवश्यक छ ।" बैठकमा सहभागी 'स्टुडेन्ट एगेन्स्ट डिस्क्रिमिनेशन' समूहका विद्यार्थी नेता हैदर इस्लामका अनुसार युनुसले सरकारमा प्रमुख सल्लाहकारको जिम्मेवारी पाउनुहुनेछ । इस्लामले पत्रकारलाई बताएअनुसार शाहाबुद्दिनले 'सकेसम्म कम समयमा' अन्तरिम सरकार गठन गर्ने कुरामा सहमति जनाउनुभएको छ । इस्लामले राष्ट्रपतिसँगको उक्त बैठक 'फलदायी' भएको बताउनुभयो । हाल युरोपमा रहनुभएका युनुसले मङ्गलबार आफू अन्तरिम सरकारको नेतृत्व गर्न इच्छुक रहेको बताउनुभएको थियो । "यदि बङ्गलादेशमा मेरो देश र साहसी जनताका लागि जिम्मेवारी आवश्यक छ भने म यो लिनेछु ।" विद्यार्थी नेताहरूले अन्तरिम सरकारको नेतृत्व गर्न आह्वान गरेपछि उहाँले एक विज्ञप्तिमार्फत 'स्वतन्त्र निर्वाचन' को पनि आह्वान गर्नुभएको छ ।

### नेतृ हसिना र रेहानालाई पक्राउ गरी सुपुर्दगी गर्न भारतसँग आग्रह

ढाका, २३ साउन (रासस/एएनआई) ।

बङ्गलादेशको बर्तमान राजनैतिक अवस्थालाई सम्बोधन गर्न बङ्गलादेश सर्वोच्च अदालत बार एसोसिएसन (एससिबिए)का अध्यक्ष एएम महबूब उद्दीन खोकनले विदार्थीको आन्दोलनको बलमा अपदस्थ प्रधानमन्त्री शेख हसिना र उहाँकी बहिनी शेख रेहानालाई पक्राउ गरी बङ्गलादेशलाई सुपुर्दगी गर्न भारतसँग आग्रह गर्नुभएको छ । एससिबिए सभामा आयोजित पत्रकार सम्मेलनमा खोकनले भारतसँग सकारात्मक सम्बन्ध कायम राख्न चाहेको बताउँदै निर्दोस जनतामाथि दमन गरी सयौंको मृत्युका लागि उहाँहरू जिम्मेवार रहेको र उहाँहरूलाई बङ्गलादेश फिर्ता गरिनुपर्नेमा जोड दिनुभयो । बङ्लादेश नेशनलिस्ट पार्टी (बिएनपी) का संयुक्त महासचिवसमेत रहेका खोकनले बङ्गलादेशमा सङ्कटकाल घोषणाको विरोध गर्दै राजनीतिक गतिविधि र भ्रष्टाचारमा संलग्न सर्वोच्च अदालतका न्यायाधीशलाई एक हप्ताभित्र राजीनामा दिन आग्रह गर्नुभएको छ भने आस्थाका आधारमा बन्दी बनाइएका सबै राजनीतिक बन्दीहरूको रिहाइको माग गर्नुभएको छ । बङ्गलादेशमा आरक्षण (कोटा) प्रणालीको विरोध गर्दै विद्यार्थीहरूको नेतृत्वमा सुरु भएको विरोध प्रदर्शन निवर्तमान् सरकारको अतिवादी रबैयाका कारण अन्ततः सरकार विरोधी प्रदर्शनको रूपमा परिवर्तन भएपछि अवामी लिगकी नेतृ तथा हालै प्रधानमन्त्रीबाट अपदस्थ शेख हसिना वाजेद हेलिकप्टरमा चढी भारततर्फ जान बाध्य बन्नुभएको थियो । यसैबीच राष्ट्रपति मोहम्मद शाहाबुद्दिनले अन्तरिम सरकार गठनका लागि संसद विघटन गरी नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकारको गठन गर्न निर्देशन दिनुभएको छ ।

### हिंसा, तोडफोड र राज्य स्रोतको लुटपाट रोक्न बङ्गलादेशका पूर्वप्रधानमन्त्री जियाको आग्रह

ढाका, २३ साउन (रासस/एएनआई) ।

पूर्वप्रधानमन्त्री खालिदा जियाले भेदभाव विरोधी विद्यार्थी आन्दोलनले निम्त्याएको राष्ट्रव्यापी हिंसा, तोडफोड र राज्य स्रोतको लुटपाटबारे चिन्ता व्यक्त गर्नुभएको बङ्गलादेशको सञ्चारमाध्यम ढाका ट्रिब्युनले बताएको छ । ढाकाको 'एभरकेयर' अस्पतालमा रहनुभएका जियासँग बङ्गलादेश खिलाफत मजलिस पार्टीका महासचिव मौलाना मामुनुलको टोलीले भेटवार्ता गर्नुभएको ढाका ट्रिब्युनले जनाएको छ । ढाका ट्रिब्युनले जियालाई उद्धृत गर्दै भनेको छ, "हाम्रो राज्यको स्रोत र साधन खेर गइरहेको छ। यो देश हाम्रो हो, हामीले यो देशको निर्माण गर्नुपर्छ ।" अगस्ट छ मा बङ्गलादेशका राष्ट्रपति शाहाबुद्दिन अहमदले बङ्गलादेशकी पूर्वप्रधानमन्त्री खालिदा जियालाई संविधानको धारा ४९ अनुसार जेल सजाय कम गरेर रिहा गर्ने घोषणा गर्नुभएको थियो । ढाका ट्रिब्युनका अनुसार भेटवार्तामा उहाँले जनताको जीवन र सम्पत्तिमा क्षति पुऱ्याउनु गम्भीर अपराध भएको बताउनुभयो । उहाँले राज्यको स्रोतको लुटपाटमा धेरै मानिसहरू संलग्न रहेको र यो कार्य अन्यायपूर्ण रहेको बताउनुभयो । 'बेगम खालिदा जिया उत्पीडित महिला हुनुहुन्छ । हामी लामो समयसम्म जेलमा बस्यौं । मौलाना मामुनुल हक पनि लामो समयसम्म जेलमा रहनुभयो । मौलाना मामुनुल हकको नेतृत्वमा हामी उहाँको स्वास्थ्यबारे सोधपुछ गर्न अस्पताल गयौं ।" खिलाफत मजलिसका उप-महासचिव मौलाना अताउल्ला अमिनले जियासँगको भेटबारे बताउनुभयो । बैठकबारे सोधिएको प्रश्नमा खिलाफत मजलिसका संयुक्त महासचिव मौलाना अताउल्ला अमिनले भन्नुभयो, "देशको अवस्था राम्रो छैन । बेगम खालिदा जिया मानव जीवन र सम्पत्तिको क्षतिबारे चिन्तित हुनुहुन्छ । राज्यका स्रोतहरू लुटिनु सही काम होइन ।" अगस्ट ५ मा बङ्गलादेशका राष्ट्रपति मोहम्मद शाहाबुद्दिनले खालिदा जियालाई रिहा गर्ने आदेश जारी गर्नुभएको थियो । बङ्गलादेशकी अपदस्थ प्रधानमन्त्री शेख हसिनाले राजीनामा दिएर देश छोडेको केही घण्टापछि उहाँले यो निर्णयको घोषणा गर्नुभएको हो । बङ्गलादेशका पूर्व प्रधानमन्त्री जियाको स्वास्थ्य अवस्था खराब छ । बाथ रोग, मधुमेह र 'लिभर सिरोसिस'को बिरामी उहाँ ह्विलचेयर प्रयोग गर्नुहुन्छ । अठहत्तर वर्षीया जियालाई हसिनाको शासनकालमा सन् २०१८ मा भ्रष्टाचारको आरोपमा १७ वर्षको कारागार सजाय सुनाइएको थियो ।

# मधेस प्रदेश सरकार पुनःगठन

**दैनिक समाचारदाता**
**जनकपुर, २३ साउन ।**

मधेस प्रदेशको मन्त्रिपरिषद् पुनःगठन गरिएको छ । पुनःगठित मन्त्रिपरिषद्मा नेपाली कांग्रेसबाट दुई र नेपाल कम्युनिष्ट पार्टी (एमाले), जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी एक/एक जना राज्यमन्त्रीमा नियुक्त भएका छन् ।

कांग्रेसका तर्फबाट रेखा ठाकुर भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री र निलमकुमारी रजक ऊर्जा, सिँचाइ तथा खानेपानी राज्यमन्त्रीमा नियुक्त भएका हुन् । त्यसैगरी एमालेका मोहम्मद जैद आलम भौतिक पूर्वाधार विकास राज्यमन्त्री, लोसपाका रामबाबु यादव शक्षा तथा संस्कृति राज्यमन्त्री र जनमतका शम्भुकुमार साह उद्योग, वाणिज्य तथा पर्यटन राज्यमन्त्रीमा नियुक्त भएका छन् ।

नवनियुक्त राज्यमन्त्रीहरुलाई मुख्यमन्त्री सतिशकुमार सिंहले मंगलबारै पद तथा गोपनीयताको शपथ गराएका छन् ।

# जिम्मेवारीका साथ काम गर्न मुख्यमन्त्री सिंहको निर्देशन

जनकपुर, २३ साउन (रासस) ।

मधेस प्रदेश सरकारका मुख्यमन्त्री सतिशकुमार सिंहले कर्मचारीलाई आफूले पाएको जिम्मेवारी पूर्णरुपमा निर्वाह गर्न निर्देशन दिनुभएको छ ।

प्रदेश सरकार अर्थ मन्त्रालयले मंगलबार मुजेलियामा आयोजना गरेको कार्यशालामा उहाँले सरकारलाई सफल बनाउने जिम्मा कर्मचारीमा निर्भर रहेकाले त्यसतर्फ दत्तचित भइ अघि बढ्न निर्देशन दिनुभयो ।

मधेस प्रदेश सरकारको पेफा मूल्याङकनसम्बन्धी प्रारम्भिक कार्यशाला, २०८१ लाई सम्बोधन गर्दै मुख्यमन्त्री सिंहले कर्मचारीलाई कार्यसम्पादनमा ध्यान दिन आग्रह गर्नुभयो । प्रदेश सरकारको काम केन्द्रले नियालिरहेको उल्लेख गर्दै उहाँ सरकारले नीति ल्याउने र त्यसको कार्यान्वयनको काम कर्मचारीको भएको बताउनुभयो ।

“मधेस प्रदेशमा रहेका १२ वटै मन्त्रालयको वेबसाइट अपडेट छैनन् । कर्मचारीको सम्पर्क नम्बर पनि लुकाइएको छ । मन्त्रालयका सचिव र सूचना अधिकारीले यसतर्फ गम्भीर भएर अघि बढ्नुपर्छ”, उहाँले भन्नुभयो ।

# प्रधानमन्त्रीसँग मधेस प्रदेशका मुख्यमन्त्रीको आग्रह

जनकपुर, २३ साउन (रासस) ।

मधेस प्रदेशका मुख्यमन्त्री शतिशकुमार सिंहले प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर प्रदेशको समुन्नतिका लागि प्रदेश सरकारले अघि सारेका कार्ययोजना कार्यान्वयनमा सहयोग गर्न आग्रह गर्नुभएको छ ।

मुख्यमन्त्री सिंहले २२ बुँदामा समेटिएको पत्रमार्फत प्रदेश विकासमा दीर्घकालीन र सकारात्मक योगदान पुग्ने ती योजना प्रधानमन्त्री ओलीसमक्ष प्रस्तुत गर्नुभएको हो ।

पत्रमा जानकी मन्दिर विकास कोषको स्थापना तथा जानकी मन्दिर, राम मन्दिर प्राङ्गण सौन्दर्यीकरण, हुलाकी राजमार्गअन्तर्गत कमला पुललगायत अन्य पुल निर्माण कार्य पूरा गरी हुलाकी राजमार्गको कार्यको शीघ्र सम्पन्नता, निर्माणाधीन पूर्वपश्चिम रेलमार्गको प्रदेशका प्रमुख सहरसँग सम्पर्कको व्यवस्था, जनकपुर जयनगर रेल्वे यातायात मालवाहक सेवाका लागि मालवाहक रेलको व्यवस्था हुनुपर्ने, जनकपुरधामस्थित १२ बिघा (रङ्गभूमि)लाई व्यवस्थित गर्न आवश्यक पहल, मधेस प्रदेशका आठवटै जिल्लाहरू भारतीय नाकासँग जोडिएको हुनाले पर्यटक भित्र्याउन पर्यटकीय कोरिडोर निर्माण हुनुपर्ने र कमला नदीको बगरमा बगरखेतीका लागि आवश्यक आधुनिक प्रविधि तथा स्रोतसाधनमा सहयोग गर्नुपर्ने लगायत रहेका छन् ।

यसैगरी, सो पत्रमा भारतीय रेल नेटवर्कसँग जोडिएका दुईवटा सहर जनकपुर र वीरगञ्जमा व्यापारका लागि आवश्यक स्रोत साधनको प्रबन्ध, कृषि अनुदान कृषकको खातामा सिधै जानुपर्ने व्यवस्था, प्रदेशस्तरमा व्यापार तथा निर्यात केन्द्र सञ्चालन, बारा तथा पर्सामा औद्योगिक करिडोर कार्यान्वयन गर्नुपर्नेलगायतका विषयमा मुख्यमन्त्री सिँहले प्रधानमन्त्री ओलीसमक्ष प्रस्तुत गर्नुभएको पत्रमा उल्लेख छ ।


## राजविराजको मेन रोडमा सटर भाडामा चाहिए सम्पर्क गर्नुहोस

राजविराजको मुख्य बजार मेनरोडमा पसल, व्यवसाय, बैंक तथा वित्तिय संस्था र विमा कम्पनीका लागि कोठा भाडामा चाहिए सम्पर्क गर्नुहोस् ।

**सम्पर्क नं.**
९८४२८२१०८२, ९८१९७२५०८२
राजविराज नगरपालिका वडा नं. ४, मेनरोड


## वीमा लेख नं. हराएको सूचना

राजविराजदेखी रुपनीतर्फ जाँदै गरेको अवस्थामा २०८१ साल असार १० गते मेरा वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८१४७४७६१४ मा सम्पर्क गर्नुहोला ।

**नाम : राजनैतिक कुमार क्षेत्री मण्डल**
**ठेगाना : राजविराज ७, सप्तरी**
**बीमा लेख नं. :१२००१३२९८**

# कमला पुल पुनःनिर्माणमा दबाब दिन इन्जिनियरहरू आन्दोलित

सिरहा, २३ साउन (रासस) ।

हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषा जोड्ने कमला पुल पुनःनिर्माणमा दबाब दिन सिरहाका इन्जिनियरहरूले आन्दोलन घोषणा गरेका छन् । सिरहाका इन्जिनियरहरूको अगुवाइमा गठित सङ्घर्ष समितिले आन्दोलनको घोषणा गरेका हुन् ।

सङ्घर्ष समितिका संयोजक प्रवीणकुमार यादवका अनुसार मङ्गलबार सरोकारवाला पक्ष तथा बुद्धिजीवीहरूबीच छलफल भएको थियो । उक्त छलफलबाट दबाब सिर्जनास्वरुप आन्दोलनको कार्यक्रम तय गरेको हो । जसअन्तर्गत भोलि बिहीबार सिरहाको महावीर चोकदेखि थाना चोकसम्म दबाब जुलुस गर्ने कार्यक्रम छ । आगामी आइतबार सिरहाको बसबिट्टा चोकदेखि मुख्यमन्त्री कार्यालय जनकपुरसम्म मोटरसाइकल जुलुसयात्रा गर्ने सङ्घर्ष समितिले जनाएको छ । पुल पुनःनिर्माण अघि नबढाएसम्म आन्दोलनका थप कार्यक्रम गरिने समितिका संयोजक यादवले बताउनुभयो ।

मधेशको दीर्घकालीन महत्व बोकेको कमला पुल निर्माण नहुँदा सिरहा र सप्तरीका सर्वसाधारण प्रदेशको राजधानी जनकपुरधाम आउन जान सास्ती भोग्दै आएका छन् । बाढी आएको समयमा तीन गुणा बढी दुरी पार गरेर मात्र जनकपुर आवत्जावत् गर्नुपर्ने बाध्यता छ ।

प्रदेश तथा सङ्घीय सरकारका विभिन्न मन्त्रीलाई यस विषयमा ध्यानाकर्षण गराउँदा समयमा पुल बन्न नसकेको स्थानीयको गुनासो छ । करिब १३ वर्षअघि निर्माण सम्पन्न भई उद्घाटनको तयारी गरिएको बेला कमला नदीमा आएको बाढीले पुल भासिएको थियो । उक्त पुल अझै पुनः निर्माण हुन नसकेको हो ।

केही दिनअघि मात्रै मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले पुल निर्माणका लागि आवश्यक सहयोग गर्न प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर आग्रह गर्नुभएको थियो । मुख्यमन्त्री सिंहले मधेशको ‘लाइफलाइन’ मानिएको कमला पुललगायत प्रदेशको बिकासमा दीर्घकालीन र सकारात्मक योगदान पुग्ने योजना प्रधानमन्त्री ओलीसमक्ष प्रस्तुत गर्नुभएको थियो ।

# मधेस प्रदेशः विधेयक पारित

धनुषा, २३ साउन (रासस) ।

मधेस प्रदेश सरकारले प्रदेशसभामा पेस गरेको स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेको छ ।

मंगलबार बसेको प्रदेशसभाको दोस्रो बैठकबाट संशोधनकर्ता संशोधन प्रस्ताव फिर्ता लिएपछि विधेयक सर्वसम्मतिले पारित भएको सभामुख रामचन्द्र मण्डलले घोषणा गर्नुभयो ।

स्थानीय तहका कर्मचारीको हकमा प्रदेश सरकारले कानुन बनाउने संवैधानिक व्यवस्था बमोजिम विधेयक पारित भएको हो । विधेयकमा उठेका विभिन्न जिज्ञासाका विषयमा मुख्यमन्त्री सतिशकुमार सिंहले जवाफ दिँदै विधेयकका विषयमा प्रदेशसभाका सदस्यले उठाउनुभएका विषय लोकसेवा आयोगको परामर्शमा नै राख्ने काम भएको र धेरै सुझाव विधेयकमा समेट्ने काम भएको जानकारी दिनुभयो ।

यसअघि विधेयकको नाम, प्रस्तावनासहित दफा २ देखि १५९ सम्मका भाग पारित गरेर विधेयकको भाग बनेको जानकारी सभामुखले गराउनुभएको थियो ।





## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*